# बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# प्रभु येशूको जन्म




**लेखन** Edward Hughes

**चित्र** M. Maillot

**अनुवाद** B.K. Shrestha

**संयोजन** E. Frischbutter; Sarah S.


story 36 of 60

**www.M1914.org**


***Bible for Children.*** *PO Box 3, Winnipeg, MB R3C 2G1 Canada*



अनुमतिपत्रः यो कथा सित्तैमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।


नेपाली

Nepalese






छक्क परेकी ती केटीले सोधिन्, “यो कसरी हुन सक्छ, किनकि म एक कन्या हुँ ?” ती बालक परमेश्वरको तर्फबाट आउनुहुनेथियो भनी स्वर्गदूतले मरियमलाई भने । उहाँको कुनै मानव पिता थिएन ।



3

मरियमकी नातेदार एलीशिबाले वृद्धावस्थामा बालक जन्माउन लागेकी थिइन् भनी ती स्वर्गदूतले मरियमलाई भने । यो पनि एउटा आश्चर्यकर्म थियो । त्यसको लगत्तै मरियम एलीशिबालाई भेट्न गइन् । तिनीहरूले सँगसँगै परमेश्वरको प्रशंसा गरे ।



4

मरियमको मगनी योसेफ नाम गरेका पुरुषसँग भएको थियो । मरियम गर्भवती भएको थाहा पाएर योसेफ दुःखी भएका थिए । तिनले ती बालकको पिता अर्कै थियो भनी सोचे ।



5

यी बालक परमेश्वरका पुत्र हुनुहुन्थ्यो भनी परमेश्वरका स्वर्गदूतले योसेफलाई सपनामा भनिदिए । प्रभु येशूको हेरचाह गर्नमा योसेफले मरियमलाई सहायता गर्नुपर्दथ्यो ।



6

योसेफले परमेश्वरमाथि भरोसा गर्दै उहाँको आज्ञा पालन गरे । तिनले आफ्नो देशको कानुन पनि माने ।



7

नयाँ कानुनअनुसार तिनी र मरियम कर तिर्नको लागि आफ्नो गृहनगर बेथलेहेमतिर लागे ।



8


मरियमको सुत्केरी हुने
बेला आयो । तर योसेफले
कहीं पनि बस्ने ठाउँ
पाएनन् । सबै पौवाहरू
भरिएका थिए ।
9


अन्त्यमा योसेफले एउटा गोठ भेट्टाए । त्यहाँ नै बालक येशूको जन्म भयो ।
उहाँकी आमाले उहाँलाई डूँडमा राखिन् जहाँ
जनावरहरूलाई खाना
दिइन्छ ।
10


नजिकै गोठालाहरू आफ्ना बगालको रक्षा गर्दै बसेका थिए ।
परमेश्वरका स्वर्गदूत देखा परेर तिनीहरूलाई
अचम्भको खबर बताए ।
11


“आज दाऊदको सहरमा तिमीहरूका निम्ति
एकजना मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट
प्रभु हुनुहुन्छ ।
12


तिमीहरूले एउटा बालकलाई डूँडमा
सुताइराखेको भेट्टाउनेछौ ।”
13


अचानक, परमेश्वरको प्रशंसा गर्दै धेरैजना चम्किला
स्वर्गदूतहरू देखा परे, “सर्वोच्चमा परमेश्वरलाई
महिमा, र पृथ्वीमा मानिसहरूलाई
शान्ति ।”
14


ती गोठालाहरू हतारिँदै त्यो गोठतिर लागे । ती
बालकलाई देखेपछि तिनीहरूले प्रभु येशूको बारेमा
स्वर्गदूतहरूले भनेका कुरा सबैलाई बताए ।
15


चालीस दिनपछि, योसेफ र मरियमले प्रभु
येशूलाई यरूशलेमको मन्दिरमा ल्याए ।
त्यहाँ बालक प्रभु येशूलाई देखेर
शिमियोन नाम गरेका मानिसले
परमेश्वरको प्रशंसा गरे र
परमप्रभुकी अर्की
दासी वृद्ध हन्नाले
परमेश्वरलाई
धन्यवाद
चढाइन् ।
16


ती दुवैले प्रभु येशू परमेश्वरका पुत्र, प्रतिज्ञा
गरिनुभएका उद्धारकर्ता हुनुहुन्थ्यो भनी
थाहा पाए । योसेफले दुईवटा चरा
बलिदान चढाए । योचाहिँ
गरिब मानिसहरूले नवजात
शिशुलाई
परमप्रभुकहाँ
अर्पण गर्न
ल्याउँदा
चढाउनुपर्ने
भेटी थियो ।
17


केही समयपछि एउटा
विशेष ताराले यरूशलेमको
पूर्वतिरको देशका ज्ञानी
मानिसहरूलाई
अगुवाइ गर्‍यो ।
“यहूदीहरूका राजा भई जन्मने कहाँ
हुनुहुन्छ ?” तिनीहरूले सोधे । “हामी
उहाँलाई दण्डवत् गर्न आएका छौं ।”
18


हेरोद राजा ती मानिसहरूका
कुरा सुनेर आत्तिए । प्रभु
येशूलाई भेट्टाएपछि आफूलाई
पनि जानकारी दिन तिनले ती
मानिसहरूलाई अनुरोध गरे ।
“म पनि तिनलाई दण्डवत्
गर्नेछु,” हेरोदले भने । तर
तिनले झूटो बोलिरहेका
थिए । हेरोदले त
प्रभु येशूलाई
मार्न चाहेका
थिए ।
19


त्यो ताराले ती ज्ञानी मानिसहरूलाई
मरियम र योसेफ नवजात शिशुलाई
लिएर बसेकै घरमा पुर्‍यायो । घुँडा
टेकेर दण्डवत् गरी ती यात्रीहरूले
प्रभु येशूलाई सुन र अत्तरका
बहुमूल्य उपहारहरू
दिए ।
20



परमेश्वरले ती ज्ञानी मानिसहरूलाई गोप्य तरिकाले घर फर्कन चेताउनी दिनुभयो । हेरोद क्रोधित भए । प्रभु येशूलाई नाश पार्ने अठोट गरेका ती दुष्ट शासकले बेथलेहेमका सबै बालकहरूलाई मारे ।

21



तर हेरोदले परमेश्वरका पुत्रलाई हानि पुर्‍याउन सकेनन् ! सपनामा चेताउनी पाएर योसेफले मरियम र प्रभु येशूलाई सुरक्षाको निम्ति मिश्रदेशमा लगे ।

22



हेरोदको मृत्यु भएपछि योसेफले मरियम र प्रभु येशूलाई मिश्रदेशबाट फर्काएर ल्याए ।

उहाँहरू गालील समुद्रको नजिकै पर्ने नासरत भनिने सानो नगरमा बसोवास गर्नुभयो ।

23

प्रभु येशूको जन्म

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

मत्ती १-२, लूका १-२
मा पाइन्छ

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।"
भजनसंग्रह ११९:१३०

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो ।

परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो ! अब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ ।

यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो भनः प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ । तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन । यूहन्ना ३:१६

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर !